आज मिति २०८२/०७/२० गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को चौथो बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण वहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता वहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | भरत वहादुर पाण्डे | का.वा.अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल वहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य वहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी वुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | विजय पौडेल | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | वन्दना शाक्य | प्रशासकीय अधिकृत | |
| १६. | | | |

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः ४

मितिः २०८२/०७/०२० गते,बिहीवार

मिति २०८२/०७/२० गतेको पहिलोगाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

| क्र सं | प्रस्तावको विषय | निर्णय हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को दोश्रो गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को दोश्रो गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | लघु उद्यम विकास कार्यक्रम सम्वन्धमा । | • लघु उद्यम विकास कार्यक्रम अन्तरगत नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि वडा र वस्ति छनोट गर्ने । | |
| (३) | पालिका भित्रका पर्यटकीय स्थल व्यवस्थापन सम्वन्धमा । | • मल्लरानी गाउँपालिका वडा नं ४ मा रहेको पर्यटकीय स्थल मल्लरानी प्रवेश गर्ने प्रवेशद्वार र धार्मिक पर्यटकीय स्थल झाक्रिस्थानको व्यवस्थापन सम्वन्धमा । | |
| (४) | योजना सञ्चालन सम्वन्धमा । | • आ.ब.०८२/८३ मा संचालन हुने भौतिक पूर्वाधार तर्फका उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता गर्ने सम्वन्धमा । | |
| (५) | विविध विषयहरु सम्वन्धमा । | • मतदान केन्द्र कायम गर्ने सम्वन्धमा ।<br>• योजनाको नाम संशोधन सम्वन्धमा ।<br>• आर्थिक सहायता र राहत सम्वन्धमा ।<br>• जेष्ठ नागरिक मिलन केन्द्र भवन पालिका स्तरीय जेष्ठ नागरिक सञ्जाललाई हस्तान्तरण गर्ने सम्वन्धमा ।<br>• वडा नं १ २ र ५ मा सि.सि.क्यामेरा जडान गर्ने सम्वन्धमा ।<br>• गाउँपालिकाले भाडामा लिएको नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको भवनको भाडा बृद्धि सम्वन्धमा । | |

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
खलंगा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः ४

मितिः २०८२/०७/०२० गते,बिहीबार

निर्णयहरु:

(१) आ व २०८२।०८३ को दोश्रो गाउँकार्यपालिका बैठकको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

(२) चालु आ.व मा लघु उद्यम विकास कार्यक्रम तर्फ नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि वडा नं २ का हालसम्म कार्यक्रम संचालन नभएका बस्तिहरु छनोट गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

(३) पर्यटकीय स्थल मल्लरानी जानको लागि निर्माण भएको प्रवेशद्वारमा लेखन कार्य बाँकी रहेकोले प्राविधिक लागत अनुमान तयार गर्ने र धार्मिक पर्यटकीय स्थल झाक्रिस्थानलाई ब्यवस्थित रुपमा संचालन गर्नको लागि वडा नं ४ र ५ का वडा अध्यक्षहरु समेत रहने गरी ब्यवस्थापन समिति निर्माण गर्ने निर्णय गरियो।

(४) आ व २०८२/८३ मा उपभोक्ता समिति मार्फत निर्माण तथा संचालन गरिने योजनाहरु मिति २०८२ मंसिर १० गते भित्र सम्झौता सम्पन्न गर्ने, तोकीएको समय सिमा भित्र योजना सम्झौता सम्पन्न नभएमा गाउँपालिकाले बोलपत्र मार्फत प्रकृया अगाडी बढाने निर्णय गरियो।

(५) मल्लरानी गाउँपालिका भित्र हाल कायम भएको मतदान केन्द्र निम्नानुसार कायम गर्न निर्वाचन आयोगमा लेखी पठाउने निर्णय गरियो ।

| क्र.सं | वडा | हाल कायम रहेको मतदान केन्द्र | कायम गर्नु पर्ने मतदान केन्द्र | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं १ | जनजागृती प्रा वि अर्वाङ | वडा नं १ को कार्यालय अर्वाङ | केन्द्र स्थानान्तरण |
| २ | वडा नं ३ | शारदा मा वि चौरपानी र सरस्वती आ.वि बन्चरे | अमरज्योती प्रा वि गिरिचौर - (शारदा मा वि कोटको बस्ती र सरस्वती आ.वि शिरकोट, गिरिचौर र खाईन्डाँडा बस्ती) | नयाँ केन्द्र थप |

(६) वडा नं ३ को युवा महिला लक्षित क्षमता विकास कार्यक्रम तर्फ विनियोजन भएको रकम रु ५०,०००/- (अक्षरुपी पचास हजार) भानुभक्त मा वि स्वर्ण महोत्सव ब्यवस्थापन शिर्षकमा रकमान्तर गर्ने र वडा नं ५ अन्तर्गत आयोजना काइला बैद्य चौरमा देवीको मन्दिर निर्माण को नाम परिवर्तन गरी काइला बैद्य चौरमा शिव मन्दिर निर्माण कायम गर्ने निर्णय गरियो ।

(७) मल्लरानी गाउँपालिका वडा नं ४ स्थित खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा निक साइमन कार्यक्रम संचालन गर्नका लागि निक साइमन संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

(८) मल्लरानी गाँउपालिका वडा नं ४ स्थित खलंगामा निर्माण भएको जेष्ठनागरिक मिलन केन्द्र भवन रेखदेख र ब्यवस्थापनका लागि गाउँपालिका स्तरीय जेष्ठनागरिक सञ्जाललाई हस्तान्तरण गर्ने निर्णय गरियो।

(९) आ व २०८२/८३ मा प्रशासनीक खर्च तर्फ विनियोजन भएको सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन शिर्षकमा विनियोजन भएको रकमबाट खर्च हुने गरी मल्लरानी गाउँपालिका वडा नं १ २ र ५ मा सि सि टिभि जडान गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

बैठक संख्या: ४
मिति: २०८२/०७/०२० गते,बिहीबार

(१०) गाउँपालिकाको कार्यालय संचालनका लागि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको भवन भाडामा लिइएकोमा हालसम्म कायम रहेको मासिक भाडादरमा ५ प्रतिशतका दरले भाडा वृद्दि गरी श्रावण महिना देखि लागू हुने गरी घरभाडा सम्झौता गर्ने निर्णय गरियो ।

(११) मल्लरानी गाउँपालिका भित्रका देहाय बमोजिमका विद्यालयहरुलाई रंगरोगन र मर्मतको लागि अध्यक्ष विषेश तर्फ विनियोजन भएको सामाजिक विकास शिर्षकबाट उपलब्ध गराउने गरी देहायको योजनाहरु मर्मत र रङ्गरोगन गर्ने निर्णय गरियो ।

- भानुभक्त मा वि रङ्गरोगन वडा नं ३ - रु. ३५००००/- अक्षरुपी तिनलाख पचास मात्र।
- भूमी विकास मा वि मर्मत वडा नं ५ - रु. ३०००००/- अक्षरुपी तिनलाख मात्र।
- खड्केश्वरी प्रा वि रङ्गरोगन वडा नं १ - रु. ८००००/- अक्षरुपी असी हजार मात्र।

(१२) निम्न बमोजिमका संघ, संस्था र व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता/राहत उपलब्ध गराउने निर्णय गरियो।

- मल्लरानी गाउँपालिका वडा नं १ बस्ने कमला विश्वकर्माको छोरा अजय विश्वकर्माको ग्यास लिक भई आगोलागि हुँदा शरिर जलेकोले उपचारको लागि रु ८०००। अक्षरुपी आठ हजार मात्र
- मल्लरानी गाउँपालिका वडा नं ३ बस्ने वुद्ध वहादुर दमै मानसिक रुपमा अशक्त भएकोले उपचारको लागि रु ५०००। अक्षरुपी पाँच हजार मात्र
- मल्लरानी गाउँपालिका वडा नं ४ बस्ने दिपेन्द्र कुमार श्रेष्ठको घर बर्षातको कारणले क्षति भएकोले रु ८०००। अक्षरुपी आठ हजार मात्र
- अखिल नेपाल जनजाति सम्मेलनको पाँचौ राष्ट्रिय अधिवेशनको लागि रु १००००। अक्षरुपी दश हजार मात्र

(१३) वडा नं ३ को वडा कार्यालयको शौचालय मर्मतको लागि लागत अनुमान तयार गर्ने र पर्यटकीय स्थल बुकी डाँडामा विद्युतको पावर कम भएको कारणले पानी तान्ने मोटर संचालनमा कठिन भएकोले विद्युतको पावर थप गर्नको लागि नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो ।

(१४) मल्लरानी गाउँपालिका अन्तरगत मृगौला प्रत्यारोपण गरेका डाइलासिस गराइरहेका क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका विरामिलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसारको सिफारिस समितिबाट र वडा कार्यालयबाट सिफारिस भई आएका तपसिल बमोजिमका लाभाग्राहीहरुलाई कार्तिक महिना देखि लागू हुने गरी उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

- टिका वहहादुर गुरुङ मल्लरानी ४ क्यान्सर
- कमला महन्ता मल्लरानी ४ क्यान्सर
- पुमादेवी के सी मल्लरानी २ मृगौला

(१६) वडा नं ३ बर्बोट स्थित कैलासे पँधेरा निर्माणका लागि प्राविधिक लागत अनुमान अनुमान अनुसारको रकम रु. १७००० अक्षरुपी सत्रहजार रुपैयाँ मात्र खानेपानी मर्मत शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत